# नाम्खा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यल्वाङ, हुम्ला

## नदी जन्य पदार्थको विक्रीका लागि दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८२/१२/१२**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ (क), कर्णाली प्रदेश आर्थिक ऐन, २०८२ र नाम्खा गाउँपालिकाको आर्थिक ऐन, २०८२ मा भएको व्यवस्था बमोजिम तपशिलमा उल्लेखित नदीको स्वीकृत स्थानहरुवाट निर्धारीत मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नाम्खा गाउँपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०८१।०८२ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही दरभाउ पत्र प्रक्रियामा सहभागी हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरीएको छ।

**तपसिल**

| सि नं | सूचना नं बोलपत्र नं | बोलपत्रको नाम | उत्खनन् परिमाण घन फिट | न्युनतम बोलपत्र रकम (सेवा शुल्क, मु अ कर बाहेक) | धरौटी रकम | दरभाउ दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | NRM/NCB/ RVN/01/082/083 | हुम्ला कर्णाली नदीवाट नदीजन्य पदार्थ संकलन तथा विक्रीवितरण गर्ने कार्य | १,८०,००० एक लाख असी हजार घ. फि. मात्र | रु ९,००,०००।०० अक्षरुपी नौ लाख रुपैया मात्र | कबोल रकमको ५ प्रतिशत | रु. १,०००।० फिर्ता नहुने |

**शर्तहरु**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०८१।०८२ को करचुक्ता प्रमाणपत्र र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, दरभाउ पत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा सिटिजन बैंङ्क शाखा कार्यालय याल्वाङमा रहेको यस नाम्खा गाउँपालिकाको आन्तरीक राजश्व खाता नं ०७६०१०००००००१२०२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औ दिन २०८२।१२।२६ गतेको कार्यालय समय भित्र कार्यालयवाट दरभाउ फाराम खरिद गर्न सकिनेछ। तोकिएको दरभाउ दस्तुर नगदी रसिद वा कार्यालयको माथि उल्लेखित खाता नं मा जम्मा गरेको भौचरलाई दरभाउ पत्र सम्बन्धी कागजातसाथ संलग्न गर्नुपर्नेछ। दरभाउपत्र पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछीको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

२. दरभाउ सम्बन्धी फाराम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस कार्यालयको सिटिजन बैंकमा रहेको धरौटी खातामा जम्मा गरी सो को सक्कल भौचर वा ईजाजत प्राप्त बैंङ्कवाट यस कार्यालयको नाममा बोलपत्र नं र नाम उल्लेख गरी ६० दिनको म्याद सहित जारी गरीएको विड वण्ड सिलबन्दी खामसाथ पेश गर्नुपर्नेछ।

३. खरिद गरीएको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी सिलवन्दी गरी खामको बाहीर फर्मको नाम, ठेगाना, कामको विवरण, प्रोपाईटरको नाम ठेगाना, सम्पर्क नं समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशन भएको मितिले १६ औ दिन २०८२।१२।२७ गतेको १२;०० भित्र गाउँपालिकाको कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरीएको बोलपत्र अर्को संस्था वा फर्मको नामवाट दाखिला गर्न पाईने छैन। रीतपुर्वक पर्न आएका दरभाउपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २;०० वजेदेखि कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। साथै दरभाउपत्र दाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

५. प्रि बिड बैठक यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन २०८२।१२।१८ गतेको दिनको २;०० बजे नाम्खा गाउँपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासील गर्न सक्नुहुनेछ।

६. म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

७. दरभाउपत्र स्वीकृत भएमा सो को सूचना पाएको मितिले ७ दिनभित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंक (भ्याट समेत) को प्रथम किस्तावापत ५० प्रतिशत हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्तावापत ५० प्रतिशतले हुने रकम नगद दाखिला वा ईजाजत प्राप्त बैंङ्कवाट यस कार्यालयको नाममा २०८३ असार मसान्तसम्म म्याद सहित जारी गरीएको बैंङ्क ग्यारेन्टी समेत पेश गरी पट्टा उठाउनु पर्नेछ। ठेक्का अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले ०८३ साल जेष्ठ मसान्तसम्म कायम रहने छ । दोस्रो किस्तावापत बाँकी ५० प्रतिशत रकम २०८३ ज्येष्ठ मसान्त सम्म दाखिला गर्नुपर्नेछ अन्यथा बैंङ्क जमानतवाट असुल गरीनेछ।

८. दरभाउपत्र पेश गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको रकममा नियमानुसार १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभाउपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ।

९. स्वीकृत कार्य विवरण बमोजिम कर्णाली नदीमा तोकिएको स्थानबाट बालुवा, गिट्टी र ग्राभेल उत्खनन परिमाण अधिकतम १,८०,०००।०० घन फिट मात्र हुनु पर्नेछ . स्वीकृत परिमाण र तोकिएको बमोजिमको नदी घाट कभरेज भन्दा बाहिर गएर संकलन, उत्खनन र बिक्रि गर्न पाइने छैन .

१०.तोकिएको म्यादभित्र सम्झौता गरी पट्टा उठाउन नआउने दरभाउपत्रदाताको धरौटी जफत गरी कालो सुचीमा राख्नका लागि सिफारीस गरी नियमानुसार दरभाउपत्र बन्दोबस्त गरीनेछ। यस गाउँपालिकाको नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, प्रदेश कानुन तथा स्थानीय निर्णय, कानून तथा मापदण्ड बमोजिम हुनेछ। साथै कार्यालयवाट गरीएको वातावरणीय अध्ययन प्रतिवेदन यस दरभाउ सम्झौताको अभिन्न अंग हुनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**